मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज १२ गते आइतबार ❑ 28 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्वतीय दौडको उपाधि सुदूरपश्चिमका राउतलाई

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज



विश्व पर्यटन दिवसका अवसरमा शनिबार पोखरामा आयोजना गरिएको दोस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिताको उपाधि सुदूरपश्चिम प्रदेशका नरेन्द्रसिंह रावतले जित्नुभएको छ।

पोखरा-२२ स्थित विश्वशान्ति स्तुपाबाट सुरु भएको दौड पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी कालाबाङ घरेडी बुद्धपार्क पुगेर सम्पन्न भएको हो।

राउतले निर्धारित आठ किलोमिटर दूरी ३५ मिनेट ४४ सेकेन्डमा पूरा गर्दै उपाधिसहित नगद रु ५० हजार, मेडल र प्रमाणपत्र पुस्कार प्राप्त गर्नुभयो। सुदूरपश्चिमका करन रावल दोस्रो र कर्णालीका दलबहादुर कुँवर तेस्रो हुनुभयो। करनले निर्धारित दूरी ३६ मिनेट ३३ सेकेन्डमा र दलबहादुरले ३७ मिनेट १६ सेकेन्डमा पार गर्दै द्वितीय र तृतीय भएका निर्णायक ओमबहादुर गुरुङले जानकारी दिनुभयो। उहाँहरूले क्रमशः रु ३० हजार र रु १५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो।

गौतम श्रेष्ठ चौथो हुँदै रु सात हजार र पाँचौँ हुनुभएका सफल लामाले रु तीन हजार प्राप्त गर्नुभयो। विदेशी पर्यटकतर्फ फ्रान्सका थियो डनेटले ४९ मिनेट ५१ सेकेन्डमा निर्धारित दूरी पार गरी उपाधिसहित रु १५ हजार पुरस्कार जित्नुभयो। भेट्रान्सतर्फ गण्डकीका किशोर थापा प्रथम हुँदै रु १५ हजार प्राप्त गर्नुभयो।

यसैगरी पोखरा-२२ वडातर्फको प्रतिस्पर्धामा कुशल परियार प्रथम र सुजल परियार दोस्रो हुनुभयो। महिलातर्फ कोशीकी पदमकुमारी सुनुवार प्रथम हुँदा बागमतीकी नीतु तामाङ द्वितीय हुनुभयो। वडा र महिलातर्फ प्रथम र दोस्रो हुनेले जनही रु १५ हजार र रु सात हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो।

प्रतियोगिताअन्तर्गत यू-१६ को विधामा प्रकाश थिङ प्रथम र तीलबहादुर परियार द्वितीय हुँदै जनही रु १५ हजार रु सात हजार पुरस्कार पाउनुभयो। खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको संयुक्त आयोजनामा भएको प्रतियोगितामा नेपालसहित आठ देशका धावकको सहभागिता थियो। विभिन्न छ विधामा कुल ११७ जना धावक सहभागी भएका प्रतियोगिता संयोजक दीननाथ बरालले जानकारी दिनुभयो। विश्व पर्यटन दिवसका अवसरमा आयोजित दौडमा निर्धारित दूरी पूरा गरेका विदेशी धावकलाई पोखराका पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले माला लगाएर स्वागत गर्नुभएको थियो।

## माछापुच्छ्रे मुस्कुराउँदा पर्यटकीय सहर पोखरा सुनसान

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज



मोनमोहक माछापुच्छ्रे मुस्कुराइरहेको छ तर पर्यटकीय सहर सुनसान छ।

तालतलैया, हिमशृङ्खला र प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखरा यो याममा पर्यटकले भरिभराउ हुने समय हो तर पोखरा पर्यटकको प्रतीक्षामा छ। होटल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदी यो याममा ७० देखि ८० प्रतिशतसम्म हुने अकुपेन्सी अहिले घटेर १५ देखि २० प्रतिशतमा सीमित भएको बताउनुहुन्छ। सेप्टेम्बरमा ४० प्रतिशत 'बुकिङ' रद्द भएको उहाँले सुनाउनुभयो।
सुवेदीका अनुसार अहिले सम्मको प्रारम्भिक अनुमानले पोखराका ठूला छ वटा होटलसहित मध्यम र सानास्तरका होटल, रेष्टुरेन्ट, ट्राभल एजेन्सी तथा पर्यटनसँग प्रत्यक्षअप्रत्यक्ष रूपमा जोडिएका व्यवसायमा पनि सामान्यदेखि असर परेको छ। करिब रु साढे दुई अर्ब बराबरको क्षति भएको छ। पोखराको पर्यटन क्षेत्रमा रु आठ खर्ब बराबरको लगानी भएको छ। करिब १५ हजारले रोजगारी पाएका छन्।

पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपीबहादुर भट्टराईले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेको घटनाले अन्तरराष्ट्रियस्तरमा नै नकारात्मक सन्देश पुगेको छ तर नेपालको पर्यटन सुरक्षित रहेको सन्देश प्रवाह गर्न नेपाल पर्यटन बोर्ड र सरोकार भएका अन्य निकायको भूमिका महत्वपूर्ण हुन्छ।"

यसैबीच, नेपाल पर्यटन बोर्डले पर्यटन प्रवर्द्धनका लागि 'आइ एम इन नेपाल नाउ' 'ह्यासट्याग' अभियान सुरु गरेको छ। बोर्डले 'रियल-टाइम स्टोरी'हरू उत्पादन गरेर सामाजिक सञ्जालमार्फत नेपाल पर्यटकका लागि सुरक्षित गन्तव्य भएको सन्देश प्रवाहको प्रयासलाई निरन्तरता दिएको छ।

## विभिन्न कार्यक्रमका गरी पोखरामा विश्व पर्यटन दिवस मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

पोखरामा विभिन्न कार्यक्रमको आयोजना गरी ४६औँ विश्व पर्यटन दिवस मनाइएको छ। पोखराको लेकसाइड, बेगनासताल, पुम्दिभुम्दीलगायत स्थानमा छुट्टाछुट्टै कार्यक्रम गरी दिवस मनाइएको हो।

पोखरा पर्यटन परिषद् र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको संयुक्त आयोजना तथा पोखराका पर्यटनसम्बद्ध सङ्घसंस्थाको सहकार्यमा विदेशी पर्यटकसहित लेकसाइडडको अम्मटबाट नेपाल पर्यटन बोर्डको कार्यालय ड्यासाइडसम्म प्रभात फेरी गरिएको थियो। प्रभातफेरी पछि पर्यटन बोर्डमा आयोजित कार्यक्रममा विशेष वक्ताका रूपमा बेलायतका टोनी जोन्स र बङ्गलादेशकी मोनिका चौधरीले नेपालको समग्र पर्यटन, सम्भावना, चुनौतीलगायत विषयमा चर्चा गर्नुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्ष-२०२५ कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई, पर्यटन बोर्डका पूर्वसदस्य गणेशबहादुर भट्टराई, पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटालगायत वक्ताले विभिन्न चुनौतीकाबीच रहेको पर्यटन क्षेत्रलाई अघि बढाउन सबैको एकताबद्ध प्रयास आवश्यक हुनेमा जोड दिनुभयो। पर्यटन दिवसका अवसरमा आज काठमाडौँबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा यती एयरलायन्समार्फत आएका स्वदेशी तथा विदेशी यात्रुलाई स्वागत गरिएको पर्यटन परिषद्का महासचिव सापकोटाले जानकारी दिनुभयो। उक्त उडानमार्फत आएका यात्रुलाई पोखरास्थित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा निःशुल्क प्रवेशका साथै अन्नपूर्ण केबुलकारमा ५० प्रतिशत छुटसहितको टिकट उपलब्ध गराइएको थियो।

त्यस्तै, काठमाडौँबाट स्थलमार्ग हुँदै यति एडभेन्चर ट्राभल्स र न्यरोड ट्राभल्सका पर्यटक बसमा आएका यात्रुहरूलाई पोखरास्थित पर्यटक बसपार्कमा स्वागत गरिएको थियो। उक्त यातायतमार्फत आउने दुई जना यात्रुलाई नाट्टा गण्डकी प्रदेशका तर्फबाट पोखरा-काठमाडौँ बसको निःशुल्क टिकट पनि उपलब्ध गराइएको थियो। दिवसका अवसरमा पर्यटनसम्बद्ध विभिन्न सङ्घसंस्थाबाट विशेष छुटका योजना पनि घोषणा गरिएको महासचिव सापकोटाले जानकारी दिनुभयो। होटेल तथा रेष्टुरेन्ट एसोसिएसन लेखनाथको आयोजनामा आज बेगनासतालमा पनि विशेष कार्यक्रम गरिएको छ। यहाँस्थित नहर चोकबाट मन्धरे पार्कसम्म प्रभातफेरीसँगै सहभागी मोटरबोटमार्फत बेगनास बराह मन्दिर पुगेर सभा गरिएको थियो। उक्त कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, होटल तथा रेष्टुरेन्ट एसोसिएसन लेखनाथका अध्यक्ष वीरभद्र कँडेल, पूर्वअध्यक्ष दामोदरभक्त थापा, कोषाध्यक्ष शक्तिश्री कोइरालालगायतले लेखनाथ क्षेत्रको पर्यटन विकास र सम्भावनाका सम्बन्धमा चर्चा गर्नुभएको थियो। पर्यटन दिवसकै अवसरमा पोखराको पुम्दीभुम्दीमा आजै दोस्रो पर्वतीय दौड प्रतियोगिता सम्पन्न भएको छ।

## मुस्ताङ भन्सारबाट एक अर्ब ३७ करोडभन्दा बढी राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
मुस्ताङ, ११ असोज

यहाँको लोमान्थाङ-२ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले हालसम्म रु एक अर्ब ३७ करोड ७० लाख ४५ हजार राजस्व सङ्कलन गरेको छ। गत भदौमा रसुवागढी र तातोपानी नाका बाढी पहिरोका कारण नाका अवरुद्ध हुँदा भन्सार विभागले यहाँको कोरलानाकालाई वैकल्पिक व्यापारिक मार्गका रूपमा प्रयोगमा ल्याएको थियो।

यो नाका भदौ ३० देखि पूर्ण रूपमा सञ्चालनमा आएको दुई हप्तामै राजस्व सङ्कलनमा निकै सुधार आएको कार्यालय प्रमुख रमेश खड्काले जानकारी दिनुभयो। उहाँले दुई हप्ताको अवधिमा ७९१ मध्ये ७६९ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास सम्पन्न गरी गन्तव्यतर्फ पठाइसकेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।

◆ नेपालका हिमशृखला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
◆ जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
◆ पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
◆ ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
◆ पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
◆ स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
◆ आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं।
पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौ !

नेपाल सरकार
विज्ञापन बोर्ड

## 'टिकटक' बनाउने क्रममा कालीगण्डकीमा एक जना बेपत्ता

पोखरापत्र संवाददाता
म्याग्दी, ११ असोज

बेनी नगरपालिका-८ कालीपुलमा टिकटक बनाउने क्रममा कालीगण्डकी नदीमा खस्दा एक जना बेपत्ता भएका छन्।

कालीकाेटका शुभकालिका गाउँपालिका-८ का अन्दाजी २२ वर्षीय सदान्द पोखरेल टिकटक बनाउने क्रममा कालीगण्डकीले बगाएर बेपत्ता भएका जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। कालीपुल बसपार्कको गण्डकी होटल एण्ड रेष्टुरेष्टको पछाडि कालीगण्डकीको किनारमा टिकटक बनाउने क्रममा चिप्लिएर नदीमा बेपत्ता भएका पोखरेलको खोजी जारी रहेको प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिनुभयो।

पोखरेल म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा रहेको ठूलोखोला जलविद्युत् आयोजनामा कार्यरत थिए। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुर्यबहादुर थापाको टोलीसहित सुरक्षाकर्मी परिचालन गरी बेपत्ता पोखरेलको खोजी भइरहेको उहाँले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेशनल प्याब्सन कास्कीको २७ औँ वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

नेशनल प्याब्सन, कास्कीको २७ औँ वार्षिक साधारण सभा तथा शुभकामना आदान प्रदान कार्यक्रम शनिवार सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि नेशनल प्याब्सनका केन्द्रीय अध्यक्ष सुवास न्यौपानेले पछिल्लो समय भएको जेन-जी आन्दोलनको क्रममा भएको विध्वंसले हजारौँ विद्यार्थी शिक्षण सिकाइबाट वञ्चित भएको बताएका छन्।

'नेपाल सरकारले नै शिक्षा क्षेत्रलाई शान्ति क्षेत्रको रूपमा घोषण गरेको छ, जहाँ राजनीतिक हिसाब या अरू कुनै पनि तवरले विद्यालय माथि प्रहार हुनु हुँदैन। तर यो आन्दोलनका क्रममा भएको विध्वंसले विद्यालय पनि अछुतो रहन सकेन' अध्यक्ष न्यौपानेले भने, 'विद्यालयको क्षतिबाट हजारौँ विद्यार्थी शिक्षण सिकाइबाट वञ्चित भएका छन् यसको हामी घोर भर्त्सना गर्दछौ।' शिक्षाकर्मीहरू विद्यार्थीको जीवनसँग जोडिने भएकोले निजी विद्यालयका सञ्चालक कहिल्यै पनि उत्तेजित हुन नहुने उनको भनाई थियो। 'हरेक ठाउँमा हुने चरम भ्रष्ट्राचार कारण यो आन्दोलन भएको हो' उनले भने- 'परिवर्तनको संवाहक शिक्षाकर्मी भएकोले



हामी संयमित भएर हाम्रा पेसा व्यवसाय प्रति जिम्मेवारी भएर लाग्न म आग्रह गर्दछु।' ५४ वर्ष पछि नयाँ शिक्षा ऐन आउनेक्रममा अहिलेको परिस्थितिले फेरी अन्यौलता थपिएको उनको भनाई थियो।

'शिक्षा ऐन आउन लाग्दा निजी विद्यालयका केही विमति थिए। हामीले पटक पटक सरकारसँग यस विषयमा छलफल गरेका थियौँ। सरकार पनि बिस्तारै सकारात्मक भएको थियो' उनले भने- 'आन्दोलनका कारण फेरी शिक्षा ऐन रोकिएको छ जसले गर्दा अन्यौलता सिर्जना भएको छ।' अहिलेको अन्तरिम सरकारले कुनै पनि कानुन बनाउन नसक्ने बताउँदै निर्वाचन पछि बन्न सरकारले नयाँ शिक्षा ऐन ल्याउनमा आशावादी भएको उनको भनाई थियो।

पोखरा महानगर पालिका शिक्षा महाशाखाका वरिष्ठ अधिकृत कृष्ण प्रसाद भण्डारीले पोखराका शैक्षिक गुणस्तर वृद्धि गर्नका निजी विद्यालयको भूमिका अतुलनीय रहेको बताए। 'शिक्षा महाशाखाले ल्याएका हरेक कार्यक्रमलाई सफल बनाउनका लागि नेशनल प्याब्सन कास्कीको भूमिका महत्त्वपूर्ण रहेको छ' उनले भने- 'शैक्षिक गुणस्तर सुधारका क्रममा आगामी दिनमा पनि यहाँहरूबाट सहयोगको अपेक्षा गरेका छौँ।' नेशनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष तथा कास्कीका सल्लाहकार राम बहादुर मोचीले संस्कार सहितको स्तरीय शिक्षा अहिलेको आवश्यकता भएको बताए। 'हालै भएको जेन-जी आन्दोलनका क्रममा भएका घटनाले हामीलाई पनि अझै जिम्मेवारी बन्नु पर्ने देखाएको छ' उनले भने-'कर्ममा धर्म मिसिएको पेसा हाम्रो भएकोले पनि अव संस्कार सहितको स्तरीय शिक्षाबाट विद्यार्थीलाई सचेत बनाउनु पर्दछ।' नेशनल प्याब्सनका केन्द्रीय महासचिव प्रकाश खड्काले हरेक आन्दोलन र संघर्षमा निजी विद्यालयका सञ्चालक मारमा पर्ने गरेको बताउँदै शिक्षा पेसामा भएकाले हामी थप जिम्मेवार भएको अगाडि बढ्नु पर्ने उल्लेख गरे। कार्यक्रममा प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतम, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसी, मन्टेश्वरी एसोसिएसन कास्कीकी अध्यक्ष भवानी अधिकारी, संगम पब्लिकेशनका ऋषिराम शर्मा भण्डारीले बोलेका थिए। कार्यक्रममा नेशनल प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारी, कोषाध्यक्ष राजु केसी, लेखा समिति संयोजक दिपु भारीले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा नेशनल प्याब्सन कास्कीकामा आबद्ध नयाँ विद्यालय न्यु लिटिल स्टेप इंगलिस बोर्डिङ स्कुल पोखरा-१ भिमकालिपाटन बगरका संस्थापक प्रिन्सिपल सुरेन्द्रराज पाण्डे लाई सदस्यता प्रमाण पत्र प्रदान गरिएको थियो। नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तथा कार्यक्रम संयोजक मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।



पर्यटकलाई स्वागत : छ्यालिसौँ विश्व पर्यटन दिवसका अवसरमा शनिबार पोखराबाट मुस्ताङ आइपुगेका विदेशी पर्यटकहरुलाई जोमसोम विमानस्थल परिसरमा भव्य स्वागत गरिँदै। एक्याप जोमसोम आयोजना तथा पुथाङ आमा समूह र जोमसोम महिला समूहको समन्वयमा यहाँका पर्यटन व्यवसायीलगायत सरोकारवालाहरुले पर्यटन क्षेत्रमा आशा जगाउन बाँजागाजा र ऱ्यालीसहित पर्यटकहरुलाई स्वागत गरेका हुन्। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# एसइई पूरक परीक्षाको नतिजा सार्वजनिक

**रासस**
काठमाडौं, १० असोज

राष्ट्रिय परीक्षा बोर्डले शनिबार माध्यमिक शिक्षा परीक्षा (एसइई) पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको छ।

परीक्षामा ८३ हजार ५६४ परीक्षार्थी उत्तीर्ण अर्थात् ग्रेडेड भएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो। परीक्षामा एक लाख ४३ हजार २५७ परीक्षार्थी सहभागी भएका थिए।

जसमा ५९ हजार ६९३ जना परीक्षार्थी अनुत्तीर्ण अर्थात् अवर्गीकृत भएको उहाँले जानकारी दिनुभयो। गत वैशाखमा सञ्चालित वार्षिक परीक्षामा दुई विषयसम्म 'नन ग्रेडेड' अर्थात् अनुत्तीर्ण भएका, परीक्षामा अनुपस्थित भएका विद्यार्थीहरूका लागि बोर्डले गत साउन २९ देखि भदौ ६ गतेसम्म पूरक परीक्षा सञ्चालन गरेको थियो।

बोर्डले प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षणसमेत गराउनसक्ने व्यवस्था गरेको छ। यही २०८२ असोज १९ गतेदेखि २९ गते साँझ ५:०० बजेभित्र परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि बोर्डको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन गर्नसक्ने व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो।

# फरार बन्दी खोजी तथा पक्राउ कार्यदल गठन : असोज २० गते भित्र फर्कन पुन : आह्वान

**रासस**
काठमाडौं, ११ असोज

कारागार व्यवस्थापन विभागले गत भदौ २३ र २४ गतेको 'जेनजी' पुस्ताका प्रदर्शनका क्रममा देशका विभिन्न स्थानमा रहेका कारागारबाट भागेका कैदी बन्दीलाई यही असोज २० गतेभित्र कारागार फर्कने आग्रह गरेको छ।

गृह मन्त्रालय, सुरक्षा निकाय एवम् सरोकारवालाको साथ सहयोग र समन्वयमा कैदी बन्दीलाई फिर्ता ल्याउने काम भइरहेको उल्लेख गर्दै विभागले 'फरार बन्दी खोजी तथा पक्राउ कार्यदल'समेत गठन भएको स्पष्ट पारेको छ।

अझै पनि उल्लेख्य सङ्ख्यामा कैदीबन्दी कारागार बाहिर रहेको स्पष्ट पार्दै विभागले तोकिएको समयभित्र कारागार नफर्कनेका हकमा प्रचलित कानुन बमोजिम कारवाही हुने निर्देशक एवम् प्रवक्ता चोमेन्द्र न्यौपानेले जानकारी दिनुभयो।

शुक्रबारका गृहमन्त्रीस्तरीय निर्णय बमोजिम भागेका कैदीबन्दीको जानकारी उपलब्ध गराउन सम्वद्ध सबैलाई विभागले आग्रह गरेको छ। फरार अवस्थामा रहेका कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिसमेतलाई कसुरदार ठानी प्रचलित कानुन बमोजिम कारवाही हुने भएकाले आवश्यक सहयोगका लागि विभागले अनुरोध गरेको छ।

फर्किन बाँकी रहेका कैदीबन्दीको अद्यावधिक विवरण जिल्लाबाट नियमति रूपमा प्राप्त गरी स्म्बन्धित माथिल्लो निकायमा पठाउनुपर्ने व्यवस्था गरिएको छ। कैदीबन्दीको खोजीका लागि जिल्लाका जनप्रतिनिधिलगायत आवश्यक अन्य निकायसँग बैठक छलफल गर्न, अन्तर समन्वय कायम गर्न र आवश्यक देखिएकामा अन्य संयन्त्रको प्रयोग गर्नुपर्ने कार्यादेश तय भएको छ।

सार्वजनिक सेवा प्रवाहह गर्ने निकायलाई फर्किन बाँकी कैदबिन्दीको विवरण उपलब्ध गराइ खोजीकार्यलाई प्रभावकारी बनाइने विभागले जनाएको छ।

भागेका कैदीबन्दीसम्बन्धी सूचना वा जानकारी उपलब्ध गराउन आह्वान गर त्यस्तो सूचना वा जानकारी प्राप्त गर्न सञ्चार माध्यम, सामाजिक सञ्जाल वा अन्य उपयुक्तमाध्यमबाट कार्यदल वा सुरक्षा निकायको सम्पर्क नम्बर सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

# खाजा खर्च बचाएर तीन सय जनालाई निःशुल्क कपडा

**पोखरापत्र संवाददाता**
दमौली, ११ असोज

तनहुँको व्यास नगरपालिका-३ शान्तिनगर स्थित गोरखकाली आवासीय माध्यमिक विद्यालयका विद्यार्थीले खाजा खर्च बचाएर जम्मा गरेको रकमबाट ३०० जना सर्वसाधारणलाई निःशुल्क कपडा वितरण गरेका छन्।

विद्यालयमा गठित इन्ट्र्याक्ट क्लबमा सहभागीहरूले पूर्वविद्यार्थी स्वर्गीय प्रजिता श्रेष्ठको स्मृतिमा शनिबार व्यास-५ पाटनमा १५० र व्यास-३ प्रशासनचोकमा १५० जना सर्वसाधारणलाई निःशुल्क कपडा वितरण गरेका




हुन्। तीन वर्षदेखि प्रत्येक दसैँको पूर्वसन्ध्यामा निःशुल्क कपडा वितरण गर्दै आइएकाले यस वर्ष पनि निरन्तरता दिइएको क्लबका अध्यक्ष निजल आलेले बताउनुभयो। विपन्न वर्ग लक्षित कार्यक्रममा आफूलाई मन परेको पाँच/पाँच थान कपडा वितरण गरिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "विद्यालयमा गठित क्लबमा रहेका विद्यार्थीले खाजा खर्च कटाएर रकम सङ्कलन गरेका थियौँ। सोही रकमबाट विपन्नलाई कपडा वितरण गरेका हौँ।" विद्यार्थीले खाजा खर्च कटाएर रु १२ हजार सङ्कलन गरेका जनाउँदै आलेले केही सहयोगी दाताहरूले पनि कपडा प्रदान गर्नुभएको उल्लेख गर्नुभयो। दसैँलाई लक्षित गरी विद्यार्थीले अतिआवश्यक हुनेलाई निःशुल्क कपडा वितरण गर्ने गरिएको विद्यालयका वीणा कैनीले बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यार्थीमा सहयोगको भावना अभिवृद्धि गर्ने उद्देश्यले पनि यो अभियान सञ्चालन गरेका हौँ।"

# मुस्ताङमा विश्व पर्यटन दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ असोज

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा विश्व पर्यटन दिवस मनाइएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोम र लोमान्थाङद्वारा आज अलगअलग रूपमा कार्यक्रम आयोजना गरी विश्व पर्यटन दिवस मनाइएको हो।

शनिबार जोमसोम, घाँसा र लोमान्थाङमा आन्तरिक तथा बाह्य पर्यटकलाई खादा र फूल उपहार दिएर स्वागत गरिएको छ। यहाँको घरपझोङ गाउँपालिका-३ स्थित जोमसोम विमानस्थलमा हवाईमार्गबाट आउने विदेशी यात्रुलाई बाजागाजासहित स्वागत गरिएको एक्याप जोमसोमका संरक्षण सहायक दीपक ओलीले जानकारी दिनुभयो। एक्याप जोमसोमको आयोजना, पुथाङ आमा समूह र जोमसोम महिला समूहको समन्वय तथा सहकार्यमा पर्यटन दिवस मनाइएको उहाँले बताउनुभयो।

पर्यटन दिवसका अवसरमा इन्द्रबक्स गणका कलाकारले बाजागाजासहित हवाईमार्गबाट जोमसोम आइपुगेका पर्यटकलाई स्वागत गरेका संरक्षण सहायक ओलीले उल्लेख गर्नुभयो। हवाई यात्रुलाई यहाँस्थित पुथाङ आमा समूह, जोमसोम महिला समूहका पदाधिकारी, सदस्यलगायतले खादा र फूल अर्पण गरी स्वागत गरेका हुन्। दिवसका अवसरमा पर्यटकसँग संवाद, मुस्ताङका सांस्कृतिक, धार्मिक र पर्यटकीय गन्तव्यका बारेमा जानकारी दिइएको थियो। एक्याप जोमसोमले म्याग्दी र मुस्ताङको सिमाना थासाङ गाउँपालिका-४ घाँसास्थित एक्याप चेक पोष्टमा सडकमार्गबाट मुस्ताङ भित्रिएका पर्यटकलाई स्वागत गरिएको थियो। एक्यापका प्रतिनिधि, आमा समूह, जनप्रतिनिधिलगायतले पर्यटकलाई स्वागत गरेका संरक्षण सहायक ओलीले बताउनुभयो। पर्यटन दिवसका अवसरमा उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङमा पनि विदेशी पर्यटकका लागि स्वागत कार्यक्रम आयोजना गरिएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार कार्यक्रममा स्थानीय पर्यटन व्यवसायी, नागरिक, सुरक्षाकर्मी, जनप्रतिनिधिलगायत सहकार्य र समन्वय गरेका छन्। स्वागत कार्यक्रममा पर्यटकलाई न्यानो आतिथ्यता प्रकट गर्दै उपल्लो मुस्ताङको पर्यटकीय गन्तव्यका बारेमा जानकारी गराइएको कार्यालय प्रमुख पौडेलले उल्लेख गर्नुभयो। गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका कारण प्रभावित बनेका यहाँका पर्यटन व्यवसायीमा पर्यटनको आगमन हुन थालेसँगै पुनः चलायमान हुनेमा आशावादी बनेका छन्। प्रतिकूल मौसम र जेनजी प्रदर्शनका कारण यहाँका पर्यटन व्यवसाय सुस्ताइरहेका अवस्थामा शुक्रबारदेखि पोखरा-जोमसोम हवाई सेवा सञ्चालनमा आएको छ। आज समिट एयरलाइन्सको जहाजले तेस्रो मुलुकका पर्यटक बोकेर तीन वटा उडान भरेको एयरलाइन्सका स्टेशन प्रमुख सुमन थकालीले जानकारी दिनुभयो।

यहाँ आइपुगेका विदेशी पर्यटकलाई स्थानीय पर्यटन व्यवसायी र सरोकार भएकाहरूले विमानस्थलमा बाजागाजासहित स्वागत गरेका उहाँको भनाइ छ। मुस्ताङमा हवाई सेवा सुरु भएकाले पर्यटन व्यवसायीमा आशाको सञ्चार पलाएको उहाँले उल्लेख गर्नुभयो।

## मुस्ताङ ...

बताउनुभयो। यसैगरी यहाँबाट भित्रिएका ३११ वटा मालवाहक ढुवानी कन्टेनरमध्ये २४६ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास सम्पन्न भई गन्तव्यतर्फ प्रस्थान गरेको भन्सार प्रमुख खड्काले बताउनुभयो। भन्सारमा चीनबाट मालवस्तु ढुवानी गरी नेपाल भित्रिएका ६५ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास हुन बाँकी रहेको छ। ठूलो परिमाणमा मालवस्तु आयात हुँदा यस नाकाबाट हालसम्म पाँचवटा मालवस्तु कन्टेनर मात्र चीनतर्फ निकासी भएका छन्। भन्सार प्रमुख खड्काले नेपालबाट हस्तकलाका सामग्री र स्थानीय उत्पादन चीनतर्फ निकासी भएको जानकारी दिनुभयो। चीनबाट मालसामान आउने क्रम जारी रहेकाले विभागले दसैँको टीकाको दिनबाहेक अन्य समयमा भन्सारको कार्यसम्पादन जारी रहने जनाइएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

**सम्पादकीय**

# वडा दशैंको शुभकामना

नेपाली हिन्दुहरुको महान चाड वडा दशैंले सबै नेपालहरुलाई छोइसकेको छ । आश्विन शुक्ल प्रतिपदाको दिनदेखि नौ दिनसम्म शक्तिपिठहरुमा दुर्गा भगवतीको पूजा आरधना गरिन्छ । दशैंलाई असत्यमाथि सत्यको जित भएको हुँदा त्यसलाई विजया दशमीको रुपमा मनाउने गरिन्छ । प्रतिपदाको दिन घटस्थापनामा रोपेको जमरा दशमीको दिन प्रसादको रुपमा लगाउने गरिन्छ । मानव जीवनमा शक्तिको आवश्यकता पर्ने हुँदा दुर्गा भवानीबाट शक्ति प्राप्त होस् भनि उपाशना गरिन्छ । दुर्गा भवानीलाई शक्ति प्राप्त गरेपछि असत्यमाथि सत्यको जितको रुपमा लिइने गरिएको छ । बडादशैं हिन्दुहरुको चाड भनिए पनि यो राष्ट्रिय चाडको रुपमा रहँदै आएको छ । दशैंलाई धार्मिक आध्यात्मिक र सांस्कृतिक चाँडको रुपमा विभिन्न कोणबाट लिने गरिएको छ । दशैलाई धार्मिक मात्र नभई सांस्कृतिक आध्यात्मिक रुपमा पनि लिन थालेका छन् । दसैँ धार्मिक भन्दा पनि नेपालीको मौलिक पहिचानसहितको सांस्कृतिक पर्व हो । संसारभर नेपाली जाति जहाँ पुगे पनि दसैँ आफ्नै शैलीमा मनाउँछन् । दशै पारिवारिक पुनर्मिलन र स्नेह तथा सद्भावको पर्व हो । वर्षभर घरबाहिर भएकाहरू पनि आआफ्ना परिवारसँगै मनाउने गर्दछन ।

दशैंको मुखमा भदौ २३ र २४ गते जेनजी विद्रोह र विध्वंसले गर्दा ७४ जनाको ज्यान गएको छाकरिब तीन हजार घाइते भएका । खरवौंको सार्वजनिक र निजी सम्पत्ति जलेर खरानी भएको छ । सत्ता पलट भएको छ । जनप्रतिनिधिको थलो प्रतिनिधि सभा भंग गरिएको छ । फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउन सर्वोच्च अदालतका पुर्व प्रधानन्यायाधीशलाई अन्तरिम सरकारको बनाईएको छ । अशान्ति र भ्रष्टाचार नियन्त्रण को माग अरुले हाइज्याक गरि दिएको छ । पवित्र भावनाले गरेको आन्दोलन अरुले हाइज्याक गर्दा नेपालीको मानसपटलमा विध्वंस र भय नाचिरहेको छ। दशैको मुखमा पहिरोले गर्दा राजमार्गमा यात्रु अलपत्र परे।घर जान हिडेका २/३ दिन अलपत्र परे।वर्षा र सडक,पुल भत्किएको छाखेतीयोग्य जमिन बगरमा परिणत भएको छ । हजारौं घरवारविहीन भएका छन । जलविद्युत आयोजनामा क्षति पुगेको छासहजरूपमा यातायातका साधन चल्ननसके प्रण।अर्कोतिर दशैंमा बजार अनुगमन नहुँदा अस्वाभविक मूल्य बृद्धि, अखाद्य बस्तु बिक्री गर्ने र जोखिमपूर्ण सवार ।साधन चढेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । सरकारले व्यापारीहरुलाई अनुकुल हुने गरी अनुगमन गरेपनि झारा गर्ने गरेको छ ।

जनताको जीवन स्तर खस्किदै गएको बेला कसरी राहत र सेवा सुविधा उपलब्ध गराउने कहि सरकारमा रहेका र रहीसकेका दलहरु कमाउ धन्दामा लागेका छन।काम गर्नेहरुले गाँस काटेर राखेको बचत रकम सहकारी ठगहरुले लुटेका छन । नेपाली उखान जो चोर उसैको ठूलो स्वर भने जस्तै ठगहरुले जनतालाई भ्रमित पार्ने काम गरेका छन । रोजीरोटीका लागि तीन वटै तहका सरकारले जनताका आकांक्षा पुरा गर्न सकेका छैनन् । सरकारमा रहँदा गरेका बाचा कार्यान्वयनमा नआउदाँसम्म जनताले विश्वास गर्ने आधार बन्दैन । देशलाई राजनीतिक स्थीरता दिन दुई ठूला दल मिलेर सरकार बनाउँदा पनि अस्थिरतालको बादल मडारिनु विडम्बना हो।जनताको स्वास्थ्य, आर्थिक सम्बृद्धि र देशको स्वाधीनता कायम राख्न राजनीतिक दलबीचमा सहमति हुनुपर्ने हो।राजनीतिक दलहरूबीच बढ्दो तिक्तता हटाई नेपाली एकजुट भएर राष्ट्रियताको रक्षा गर्न र अहिले देखिएका चुनौती सामना गर्न दुर्गा भवानीले सबैलाई शक्ति प्रदान गरुन भनी देशविदेशमा रहनु भएका सबै नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना टक्राउछौं ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# रोटरी क्लव अफ पर्वतको १६औं पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, ११ भाद्र

अर्न्तराष्ट्रिय सेवामुलक संस्था रोटरी इन्टरनेशनल, डिष्ट्रिक ३२ ९२ नेपाल भुटान अर्न्तगत स्थापित रोटरी क्लव अफ पर्वतको १६औं पदस्थापना समारोह पर्वतको कुश्मावजारमा सम्पन्न भएको छ ।

आज भन्दा १ सय १८ वर्ष पहिले अमेरिकी वकिल पाउल ह्यारिसले रोटरीको स्थापना गर्नु भएको थियो भने आज भन्दा १६ वर्ष पहिले अधिवक्ता एवम् सामाजिक अभियन्ता विश्व प्रकाश प्रसाईले पर्वत जिल्लामा रोटरी क्लव अफ पर्वत स्थापना गर्नु भएको हो ।

क्लवले पर्वत जिल्लामा शिक्षा, स्वास्थ्य लगायत मानवीय सोवमा क्रियाशिल रँहदै आएको छ । क्लवको पदस्थापना समारोहमा क्लवका संस्थापक अध्यक्ष रोटरीयन विश्व प्रकाश प्रसाईले विश्वभरवाट पोलियो उन्मुलन गरेको रोटरीले गरिवी, खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्दै आएकोमा अहिले विश्ववाट निरक्षरता उन्मुलनमा केन्द्रित रहेको वताउनु भयो । प्रसाईले रोटरी क्लव अफ पर्वतले वितेको ढेड दशकदेखि मानवीय सेवामा समर्पित रहेको भन्दै लक्ष्मी मेधासी प्रसाईको नेतृत्वमा क्लवले थप प्रभावकारी सेवा प्रवाह गर्ने वताउनु भयो । आफ्नो कमाईको केही अंश संकलन गरेर समाजको लागि समर्पित गर्ने भएकाले रोटरीका कार्यक्रम ससाना भएता पनि स्थानीय तहमा सन्देशमुलक र उत्प्रेरक हुने उहाँको भनाई थियो ।

कार्यक्रममा विशिष्ट अतिथिको आसनवाट वोल्दै असिस्टेन्ट गर्भनर भवनराज वरालले रोटरी क्लव अफ पर्वतको रोटरी डिष्ट्रिकमा फरक पहिचान र प्रतिष्ठा रहेको वताउनु हुँदै यो उपलव्धी क्लवका संस्थापक अध्यक्ष प्रसाईको निरन्तर साथ सहयोग र सदस्यहरुको क्रियाशिलतामा निर्भर रहेको वताउनु भयो । कार्यक्रममा अध्यक्ष क्लवका अध्यक्ष सावित्री खत्री क्षेत्री लामिछानेले वर्ष २०२५/२६ का अध्यक्ष मेधासी प्रसाईको परिचय राख्नु हुँदै सामाजिक क्षेत्रमा ३ दशक लामो अनुभव र दक्षता प्राप्त नेतृत्व क्लवले पाएको भन्दै विगत भन्दा यस वर्ष मानवीय सेवामा उत्कृष्ठ कार्य हुने वताउनु भयो । कार्यक्रममा रोटरी वर्ष २०२५/२६ का अध्यक्ष लक्ष्मी कुमारी मेधासी प्रसाईलाई जोन २१ का असिस्टेन्ट गर्भर भवनराज वरालले सपथग्रहण गराउनु थियो भने आफ्नो वोर्डका पदाधिकारीलाई अध्यक्ष मेधासीले सपथ ग्रहणको साथ पदस्थापना गराउनु भएको थियो ।

नयाँ पदस्थापित वोडको आगामी अध्यक्षमा डाँसीराम अधिकारी, अध्यक्ष नोमिनीमा नेत्र पौडेल, उपाध्यक्षमा प्रेम प्रसाद रेग्मी, सचिवमा नारायण प्रसाई, कोषाध्यक्षमा नवराज शर्मा र सहसचिवमा राम प्रसाद पौडेल आरसी हुनुहुन्छ । यसै गरी क्लव एडमिन चियरमा धनराज वि।पौडेल, सर्भिस प्राजेक्ट चियरमा हिम वहादुर पौडेल, मेम्वरसीप चियरमा सुरेश ढकाल, पव्लिक इमेज चियरमा शिव प्रसाद रेग्मी रहनु भएको छ भने इटिटरमा युधिष्ठिर भुषाल र क्लव सचेतकमा विनोद सुवेदी रहनु भएको छ ।

पदस्थापना समारोहमा अमरटिका प्रतिष्ठान नेपालको सौजन्यतामा म्याग्दी जिल्ला, अन्नपुर्ण गाँउपालिका, वडा नं. १ स्थायी ठेगाना भई हाल कुश्मावजारमा तरकारी तथा फलफुल व्यवसायी गर्दै आउनु भएका धन वहादुर वि।क।लाई रोटरी व्यवसायीक सम्पन्न प्रदान गरिएको छ भने प्रज्ञा पाण्डेलाई उत्कृष्ठ अर्धाङ्गिनी तथा शैक्षिक व्यक्तित्व वसन्त वहादुर सि.के. र लाल कुमारी सि।के। लाई संयुक्त रुपमा असल अभिभावक सम्मान प्रदान गरिएको छ । यस वर्ष देखि क्लवले विश्व प्रसाई फाउण्डेशन नेपालको आर्थिक सहयोगमा एसईई भन्दा माथिल्लो तह उत्तिण गरेका रोटरीका सन्तती, रोट्याक्ट तथा इनरह्वील सदस्यलाई नगद पुरस्कार सहित प्रमाणपत्रले सम्मान गर्न शुरुवात गरेको छ । यसरी पुरुस्कृत हुने सन्ततीहरुमा पुर्व अध्यक्ष सावित्री खत्री क्षेत्री लामिछानेको सुपुत्रीद्वय प्रियङ्का लामिछाने र सलिना लामिछाने, पुर्व अध्यक्ष योगराज गिरीका सुपुत्र विदुर गिरी, कृष्ण शर्माकी सुपुत्री सृष्टि शर्मा, सचिव नारायण प्रसाईको सुपुत्र सविन प्रसाई, सदस्य खिममायाँ पाईजा गिरीको सुपुत्रद्वय हेनरी गिरी, ह्यारी गिरी र रोट्याक्टर किस्मत वाग्ले हुनुहुन्छ । पुरस्कृत हुनेहरु तथा अभिभावकलाई संस्थापक अध्यक्ष प्रसाई, असिस्टेन्ट गर्भनर वराल, अध्यक्ष लक्ष्मी मेधासी र निवर्तमान अध्यक्ष विजय चापागाईले नगद, खादा टिका र प्रमाणपत्र प्रदान गर्नु भएको थियो ।

यसै गरी क्लवमा नयाँ आउनु भएका ८ जना सदस्यलाई स्वागत एवम् पिन प्रदान गरिएको छ । रोटरी अभियानमा नयाँ प्रवेश गर्नु भएका सदस्यहरुमा अशोक कुमार आचार्य, शान्ति कुमारी शर्मा, इश्वरी प्रसाद शर्मा, खिममायाँ पाईजा गिरी, जमुना कुमारी अधिकारी, चन्द्र प्रकाश पौडेल र लक्ष्मी कुमारी पौडेल हुनुहुन्छ । कार्यक्रम संस्थाका अध्यक्ष लक्ष्मी कुमारी मेधासीको अध्यक्षता, पदस्थापना समारोह व्यवस्थापन समितिका संयोजक, क्लवका पुर्व अध्यक्ष उत्तम प्रसाद अधिकारीको स्वागत एवम् सचिव नारायण प्रसाईको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रमको पहिलो सत्रको अध्यक्षता निवर्तमान अध्यक्ष चापागाईले गर्नु भएको हो ।

# अन्नपूर्ण उपभोक्ता सहकारी संस्थाको ११औं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज



पोखरा स्थित अन्नपूर्ण उपभोक्ता सहकारी संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभा पोखरा वडा नं. १५ तल्लो नयाँगाउँ टोल विकास संस्थाको सभाहलमा शनिवार सम्पन्न भएको छ ।

राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था नेष्डो नेपालका संस्थापक अध्यक्ष, सामाजिक अभियन्ता विश्व प्रकाश प्रसाईले पानसमा दिप प्रज्वलन गरी सो साधारण सभाको समूदघाटन गर्नु भएको थियो । साधारण सभामा प्रमुख अतिथिको आसनवाट वोल्दै प्रसाईले शहकारी संस्थाले वर्तमान अवस्थामा पनि ८ प्रतिशत लाभांश दिन सक्षम रहेकोमा वधाई दिदै शुसासित रुपमा संस्था सञ्चालन गरी शेयरधनिलाई प्रतिफल दिन सक्षम हुनु सह्रानीय रहेको वताउनु भयो ।

संस्थालाई सफल रुपमा सञ्चालन गर्न अध्यक्ष देखि समिति, उपसमिति र कर्मचारीको उल्लेख्य भुमिका रहने भन्दै अन्नपुर्ण उपभोक्ता संस्था पोखरा भरकै उदाहरणीय संस्था मध्ये एक रहेको उहाँको भनाई थियो । विगतमा सहकारी संस्थाको नेतृत्वले नियमसंवत काम नगरेको कारण सयौं सहकारी सञ्चालकहरु कानूनी दायरामा गएको भन्दै संस्थाले आफ्नो प्रतिष्ठालाई भविस्य निरन्तरता दिने तर्फ ध्यान दिनुपर्ने उहाँको भनाई थियो । मन्तव्यको क्रममा प्रमुख अतिथि प्रसाईले संस्था भित्र कुनै राजनीतिक, धार्मिक तथा अन्य कुनै पनि विभेद हुनु नहुने भन्दै आगमी दिनमा चुनाव चिन्ह हेरेर होईन, उम्मेदवारको व्यक्तित्व र इमान्दारीता हेरेर मतदान गर्नुपर्ने वताउनु भयो । विजया दशमी तथा शुभ दिपावलीको शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि प्रसाईले दशैं तिहार हिन्दुहरुको महान पर्व भएता पनि यस अवसरमा प्रदान गरिने शुभकामना जुनसुकै धर्मालम्वीहरुको लागि भएको वताउनुभयो । कार्यक्रममा वोल्दै लेखा परीक्षक विष्णु वरालले आँफूले गहिरीएर संस्थाको हिसाव जाँच गरेको तर कहिंकतैवाट पनि संस्थालाई हानिनोक्सानी हुने काम नभएको वताउनु भयो । सहकारी संस्थाका सदस्य निशा गुरुङ्गले हामीले विश्वास गरेर लगानी गरेका संस्थाले हाम्रो विश्वास वमोजिम उत्कृष्ठ कार्य गरेको वताउनुभयो । कार्यक्रममा संस्थाका अध्यक्ष क्याप्टेन नरेश थापाले संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति तथा चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम, कोषाध्यक्ष क्याप्टेन ठाकुर वहादुर थापा मगरले संस्थाको आर्थिक प्रतिवेदन र शहकारी पसलका संयोजक क्याप्टेन प्रेम वहादुर थापा मगरले सहकारी पसलको प्रतिवेदन पेश गर्नु भएको थियो । साधारण सभाले पदाधिकारीवाट प्रस्तुत प्रतिवेदनहरुलाई सर्वसम्मतीले पारित गर्नुका साथै चालु आर्थिक वर्षको लेखा परीक्षण नियुक्ती र पारिश्रमिक निर्धारण, कर्मचारीको सेवा सुविधा पुनरालोकन, वचत तथा कर्जाको व्याजदर पुनरवलोकनको साथै घरभाडाको पुनरावलोकन गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको छ ।

कार्यक्रममा उत्कृष्ठ शेयर पदाधिकारी, उत्कृष्ठ शेयर सदस्य, उत्कृष्ठ कर्मचारी, उत्कृष्ठ ग्राहकलाई सम्मान गरिएको थियो । कार्यक्रममा जेष्ठ सदस्यलाई सम्मान गरिएको छ । कार्यक्रम संस्थाका अध्यक्ष क्या. नरेश थापाको अध्यक्षता, उपाध्यक्ष विमला गुरुङ्गको स्वागत एवम् निर्वमान सचिव महेश कुमार थापाको सञ्चालनमा सम्पन्न भएको रेडियो समृद्ध सहकर्मी सुस्मा प्रसाईले सम्प्रेषण गर्नुभएको समाचारमा जनाइएको छ ।


# Phalewas Municipality

## Office of the Municipal Executive
## Khanigaun, Parbat
## Gandaki Province

# Invitation for Bids

First Date of publication: 2082/06/12

Phalewas Municipality, Parbat invites only electronics bids from Nepalese eligible bidders for the following work.

| Contract No. | Description Of works | Estimated Amount (with VAT and PS) | Bid Security Amount | Bid Document Fee (Non-Refundable) |
|---|---|---|---|---|
| PM/W/NCB /02/082/83 | Shivalayachowk-jhyangsingh khola -Ward No. 11office Road | 96,62,005.54 | 2,20,000 | 3,000 |
| PM/W/NCB /3/082/83 | UpgradingofLimithana-Thanamaula-Ward Karylaya Road | 52,95,136.29 | 1,30,000 | 3,000 |

1. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Phalewas Municipality, Khanigaun Parbat or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Last Date of Submission of Bid | Date of Opening of Bid | Bank Account for Purchasing of Bid Document | Bank Account for Bid Security |
|---|---|---|---|
| 2082/07/12 12:00 hrs. | 2082/07/12, 13:00 hrs. | Rastriya Banijya Bank, Phalewas Branch Ga-1-1 (Internal Revenue Account) 3540100301010002 | Rastriya Banijya Bank, Phalewas Branch 3540100303000002 Ga-3, Dharauti Khata |

2. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations-2064 with amendment and other prevailing regulations.

# चिटिक्क पारिँदै गाउँका घर

**कमल खत्री**
म्याग्दी, ११ असोज/रासस

दसैं नजिकिएसँगै गाउँघरमा चाडपर्वको रौनक बढेको छ । नेपालीले दसैं–तिहार लगायतका पर्वलाई विशेष महत्व दिने भएकाले रोजगार, व्यवसाय र अवसरका लागि देश विदेश पुगेकाहरु गाउँ फर्कन थालेका छन् । अधिकांश समय सुनसान भएका गाउँघरमा दसैंको आगमनसँगै उल्लास छाउन थालेको रघुगङ्गा गाउँपालिका–७ का चिमखोलाका कायाम रोकाले बताउनुभयो ।

प्रवासमा रहेकाले चाडपर्व मनाउन छुट्टी लिएर आउने र विद्यालय तथा कार्यालयमा बिदा हुने भएकाले अन्य समयको तुलनामा दसैं–तिहारको समयमा गाउँघरमा जमघट बढी हुने उहाँको भनाइ छ । रोजगार, शिक्षालगायतका लागि युवा विदेश र सहरी क्षेत्रमा जाने प्रचलनका कारण पछिल्लो समय म्याग्दीका ग्रामीण भेगमा बुढापाका मात्रै बसोबास गर्छन् ।



चाडपर्व मनाउन वर्षमा कम्तीमा एक पटक गाउँ फर्कने भएकाले यो समय गाउँघर गुञ्जायमान हुने गर्छ । चाडपर्वलाई लक्षित गरेर गाउँघर सरसफाइले चिटिक्क परेका छन् । परम्परागत ढुङ्गे घरमा कमेरो र रातो माटोले पोतिएका छन् भने ढलान, प्लास्टर गरी निर्माण भएका पक्की घरमा रङ्गरोगन गरिएका छन् । चाडपर्व मनाउन युरोपियन मुलुकबाट बिदामा घर आउनुभएका धवलागिरि गाउँपालिका–६ का खड्क पुनले लामो समयपछि गाउँ फर्कदा चाडपर्वको रौनकले प्रवासका दुःख र अत्यासलाई मेटाइदिएको बताउनुभयो । "प्रवासबाट आएको एक साता भयो, बजारमा किनमेल गरेर बाल बच्चासहित हामी गाउँ आइपुगेका छौं, हरियाली वातावरण, धान र कोदोका फाँटले मन प्रफुल्ल बनेका छन्, गाउँघर यो समयमा धेरै नै सुन्दर बनेका छन्", उहाँले भन्नुभयो । जिल्लाका अधिकांश गाउँमा वर्षायामको हिलो र झाडी पन्छ्याएर गोरेटो बाटोलाई मर्मत गरिएको छ । परम्परादेखि नै चाडपर्वको समयमा झारा (श्रमदान) गरेर बाटो सरसफाइ र मर्मत गर्ने श्रम संस्कृति अझै यथावत रहेको छ । सडकमार्गलाई सञ्चालन गराउन स्थानीय सरकारले बजेट व्यवस्थापन गर्ने गरे पनि गोरेटो बाटो भने श्रमदानबाटै सरसफाइ गरिँदै आएको छ । हरेक घरबाट सहभागिता हुने गरी चाडपर्वको पूर्वसन्ध्यामा एक गाउँबाट अर्को गाउँ जाने र गाउँभित्रका गोरेटो बाटो सरसफाइ गरिएको रघुगङ्गा–३ दुलेपानीका युवा होम परियारले बताउनुभयो । "वर्षायाममा झाडीले बाटो नै ढाकिएका थिए, श्रमदानबाट सरसफाइ गरेपछि आवतजावतमा सहज हुने भएको छ", परियारले भन्नुभयो । पछिल्लो समय युवा विदेशमा जाने प्रचलनका कारण श्रमदानमा महिलाको सहभागिता बढी हुने गरेको छ । दसैंलाई लक्षित गरी गाउँघरमा परम्परागत मेला आयोजना हुने गर्छन् । परम्परागत मनोरञ्जनको माध्यम बनेको मेला पर्वलाई पछिल्लो समय खेलकुद प्रतिस्पर्धा र कला संस्कृतिको प्रदर्शन गर्ने परम्परा सुरु भएको छ । दसैं तिहारको अवसरमा यहाँका दर्जनौं गाउँ बस्तीमा मेला पर्व आयोजना भइरहेका छन् ।

परम्परागत मेला पर्वको निरन्तरता पाउनु सकारात्मक पक्ष भए पनि ती नै मेलापर्वबाट शान्ति सुरक्षामा असर पुग्ने गतिविधि हुने भएकाले त्यसतर्फ सबैको ध्यान जानुपर्ने प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले बताउनुभयो । जिल्लामा हुने कतिपय अपराधिक घटनाको सुरुवात मेला पर्वमा युवामा हुने मनमुटाम र झैझगडाबाट सुरुवात भएको पाइएकाले निश्चित अवधिका लागि अनुमति लिएर शान्ति सुरक्षालाई असर नपर्ने गरी मौलिककला संस्कृतिको संरक्षणमा योगदान पुग्ने गरी मेला सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो । चाड पर्वको समयमा हुने अपराधिक गतिविधि नियन्त्रण गर्न र शान्ति सुरक्षालाई मजबुत बनाउनका लागि जिल्ला प्रहरी कार्यालयले चाडपर्व लक्षित सुरक्षा योजना बनाएर प्रहरी परिचालन गर्ने तयारी गरेको जनाएको छ ।

# आर्थिक अभावले क्याम्पस सञ्चालन गर्नै सकस

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ असोज

विकट गाउँका विद्यार्थीलाई उच्च शिक्षा प्रदान गर्नका लागि स्थापना भएको निसीभूजी जनता क्याम्पस आर्थिक अभावमा गुज्रिदै आएको छ ।

सरकारी निकायबाट पार्याप्त बजेट नपर्दा क्याम्पस सञ्चालनमा समस्या भएको हो । समुदायबाट चन्दा सङ्कलन गरेर सञ्चालन हुँदै आएको क्याम्पसमा विद्यार्थीसमेत घट्दै गएका छन् । ढोरपाटन नगरपालिका–१ खपतरीबाङ विसं २०४८ मा स्थापना भएको क्याम्पसमा ग्रामीण क्षेत्रका विद्यार्थी मात्रै अध्ययन गर्दै आएका छन् ।



पश्चिम बागलुङको एकमात्रै क्याम्पस रुपमा रहेको यस क्याम्पस आर्थिक अभावका कारण क्याम्पस सञ्चालनमा समस्या पर्दै आएको क्याम्पस प्रमुख कृष्णकान्त आचार्यले बताउनुभयो । क्याम्पसको आन्तरिक स्रोत निकै कम र सरकारी निकायबाट सहयोग नमिल्दा सञ्चालनमा समस्या भएको उहाँको भनाइ छ । क्याम्पस सञ्चालनका लागि मासिक रु चार लाख ५० हजार खर्च हुने भन्दै आम्दानी निकै न्यून रहेको क्याम्पस प्रमुख आचार्य बताउनुहुन्छ । क्याम्पसको आम्दानी विद्यार्थीबाट उठाउने शुल्क मात्रै हो । ढोरपाटन नगरपालिकाले रु नौ लाख ६० हजार अनुदान दिए पनि अन्य निकायबाट सहयोग नपाएको उहाँको गुनासो छ । अहिले क्याम्पसमा शिक्षा, समाजशास्त्र र व्यवस्थापन १२० जना विद्यार्थी रहेको भन्दै उनीबाट उठाउने शुल्कबाहेक आम्दानीको कुनै स्रोत नभएको उहाँको भनाइ छ । हाल आंशिक २२ र पूर्णकालीन दुई जना गरी २४ प्राध्यापक कार्यरत रहेको सुनाउँदै तलब खुवाउन निकै समस्या हुने गरेको क्याम्पस प्रमुख आचार्य बताउनुहुन्छ । क्याम्पस सञ्चालक समिति अध्यक्ष शान्तराज शर्मा न्यौपानेले पश्चिम बागलुङका निसीखोला, तमानखोला, बडिगाड गाउँपालिका र ढोरपाटन नगरपालिकाले बर्सेनि सहयोग गरे व्यवस्थित रुपमा सञ्चालन गर्न सकिने बताउनुभयो । चार वटै पालिकाकोकेन्द्रमापर्नेयोक्याम्पसलाई ढोरपाटन नगरपालिकाबाहेक अन्य पालिकाले चासो नदिएको उहाँको गुनसो छ । बजेट अवभामा राम्रो शिक्षक राख्न नसकेको भन्दै केन्द्र र प्रदेश सरकारलाई पनि सहयोगका लागि अपिल गर्दै आएको अध्यक्ष न्यौपाने बताउनुहुन्छ ।"

जिल्ला अन्य क्याम्पस विद्यार्थी नहुँदा बन्द हुने अवस्थामा पुग्दा निसीभूजी जनता क्याम्पसमा भने विद्यार्थीको कमी छैन । क्याम्पसको आर्थिक स्रोत केही नहुँदा विद्यार्थीले महँगो शुल्क तिर्नुपर्ने अवस्था छ ।

# चन्दा सहयोग जुटाएर ऐतिहासिक मन्दिर पुनर्निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असोज

एक करोडभन्दा बढी चन्दा सहयोग जुटाएर म्याग्दीको धौलागिरी गाउँपालिका–७ मा रहेको ताकमकोत–अन्नपूर्ण–जगन्नाथ मन्दिरको पुनर्निर्माण भएको छ ।

जगन्नाथ अन्नपूर्ण कोष तथा व्यवस्थापन समितिले धार्मिक र ऐतिहासिक महत्वको पर्यटकीय सम्भावनायुक्त ताकमकोतमा रहेको अन्नपूर्ण–जगन्नाथ मन्दिर पुनर्निर्माण गरेको हो । विसं १२४६ देखि १५४५ सम्म तत्कालीन थापा राजाले राज्य सञ्चालन गरेको ताकमकोतमा विसं १८८२ मा नेपाल एकीकरण हुनुअघि मल्ल राजाहरुले शासन गरेका थिए । सोह्रौं शताब्दीमा निर्माण भएको ताकमकोत–अन्नपूर्ण–जगन्नाथ मन्दिर विसं १९९० र २०७२ को भूकम्पले जीर्ण बनेपछि समुदायस्तरबाट आर्थिक सहयोग जुटाएर विसं २०७५ देखि पुनर्निर्माण थालिएको थियो । मन्दिर पुनर्निर्माण समितिका अध्यक्ष तेजेन्द्र थापाले पुनर्निर्माणमा रु एक करोड १९ लाख ३१ हजार ८३३ खर्च भएको जानकारी दिनुभयो । रु एक करोड १४ लाख पाँच हजार



१३८ चन्दा सङ्कलन भएको र रु पाँच लाख २६ हजार ६९५ अपुग भएको थापाले बताउनुभयो ।

"पुरातत्व विभागको अनुमतिमा मन्दिरको पुरानोस्वरूप र ऐतिहाँसिक तथा धार्मिक पक्षमा असर नपर्ने गरेर मन्दिर पुनर्निर्माण भएको छ", उहाँले भन्नुभयो, "मन्दिरभित्र जगन्नाथ र अन्नपूर्ण देवताका मूर्ति राखेका छौं ।" रु पाँच हजारभन्दा बढी सहयोग गर्नेहरूको नामावलीसहितको शिलालेखको स्तम्भ अनावरण गरेर पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजा (खम्बिर)ले शुक्रबार मन्दिरको उद्घाटन गर्नुभयो । कार्यक्रममा सहयोगदातालाई कदरपत्रले सम्मान गरिएको थियो । मन्दिरको छेउमा तत्कालीन थापा तथा मल्ल राजाका पालाका हातहतियार भण्डारण गरिएको कोतघरको पनि पुनर्निर्माण भएको छ ।

पुरातत्व विभागको रु ५० लाख बजेटबाट ठेक्कामार्फत रामसिताको मन्दिर निर्माण भएको छ । धवलागिरी गाउँपालिकाको रु तीन लाख ५० हजार बजेट र हाल अमेरिकामा रहनुभएका रघुनाथ सुवेदीको अगुवाइमा दाताको रु २४ लाख ४० हजार सहयोगमा १२ फिट अग्लो हनुमानको मूर्ति राखिएको वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो ।

गण्डकी प्रदेश सरकार र सहरी विकास मन्त्रालयको बजेटबाट सडकदेखि कोत परिसर पुग्ने पक्की पदमार्ग निर्माण भएको छ । गाउँपालिकाको सहयोगमा सत्तल र सार्वजनिक शौचालय निर्माण भएको छ । म्याग्दीको प्रमुख शक्तिपीठ मानिने ताकमकोतको जगन्नाथ अन्नपूर्ण मन्दिरमा पूजाआजा र भाकल गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कलानिधि शर्माले बताउनुभयो । जगन्नाथ, अन्नपूर्ण, दुर्गालगायत देवी–देवताको मूर्ति रहेका यहाँ नवदुर्गा, जेष्ठी पूर्णिमा, मङ्सिर पूर्णिमा, चैत्राष्टमी पर्वका अवसरमा विशेष मेला लाग्ने गर्छ । तत्कालीन राजाले कोतघरको रूपमा समेत प्रयोग भएको उक्त मन्दिरमा ऐतिहासिक महत्वका तोप, तरबार, खुँडा, खुकुरी, ढाललगायतका हातहतियार छन् । समुद्री सतहबाट दुई हजार ५०० मिटरको उचाइमा अवस्थित ताकमकोतबाट गुर्जा, धवलागिरि, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे शृङ्खलाका साथै मनोरम पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको दृष्यावलोकन गर्न सकिन्छ ।

धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले मन्दिर पुनर्निर्माण र थप पूर्वाधार विस्तारसँगै ताकमकोत पर्यटकीयस्थलको रुपमा विकास भएकोबताउनुभयो।ताकमकोतको विकास र प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

# बागलुङ कालिका मन्दिरमा दर्शनार्थी घटे

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ असोज

यहाँस्थित प्रसिद्ध धार्मिक शक्तिपीठ बागलुङ कालिका भगवती मन्दिरमा आउने भक्तजनको सङ्ख्यामा उल्लेख्य कमी आएको छ ।

विगतका वर्षमा नवरात्र सुरु भएपछि दैनिक हजारौं दर्शनार्थी कालिका मन्दिरमा आउने गरे पनि यस वर्ष भने उल्लेख्य कमी आएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो । मन्दिरमा बडादसैं र चैते दसैंमा विशेष पूजा हुन्छ । मन्दिरमा गत वर्षको बडादसैंमा चार लाखले दर्शन गरेका थिए । "अघिल्ला वर्षहरुको तुलनामा यस वर्षको नवरात्रका बेला झण्डै ५० प्रतिशत कम दर्शनार्थी आएका छन्", अध्यक्ष खड्काले भन्नुभयो, "गत भदौमा भएको आन्दोलनका कारण दर्शनार्थी घटेको आकलन गरिएको छ ।" कालिका भगवती मन्दिरमा पूजा र दर्शन गर्दा मनोकामना पूरा हुने विश्वास छ । मन्दिरमा भक्तजनले पञ्चबली पनि दिन्छन् । अध्यक्ष खड्काका अनुसार मन्दिरमा पूजाका लागि लाइन बस्ने, बलीलाई व्यवस्थित बनाउने, सहायता कक्ष, सूचना बोर्ड र प्रसाद वितरणको व्यवस्थापन गरिएको छ । अघिल्लो वर्ष दसैंको बिदा सुरु भएपछि राजधानीसहित देशभरबाट हजारौंको सङ्ख्यामा दर्शनार्थी आएको भएपनि यस वर्ष आन्दोलनका कारण धेरैमा उल्लास नहुँदा कम भएको खड्काले बताउनुभयो । पर्वतका राजा प्रतापी नारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी राजकुमारी विश्ववादेवीसँग विवाह गर्दा राजकुमारीले पाल्पा माझकी देवी कालिकालाई साथैमा ल्याएर विधिपूर्वक स्थापना गरेको किंवदन्ती अनुसार विसं १५९१ देखि मन्दिर स्थापना गरेर मेला र पूजा सुरु भएको हो ।

# सुनगाभा सहकारी संस्थाको १६ औं साधार सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज




सुनगाभा बचत ऋण सहकारी संस्था, पोखरा–१८, सेदीबगरको शनिबार १६ औं साधारण सभा सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं–१८का वडाध्यक्ष शिब प्रसाद तिमिल्सीनाले कार्यक्रमको उद्घाटन गर्दै सहकारीले वित्तीय अनुशासनमा रहेर काम गर्दै आएकाले कुनै शंका नगरी आर्थिक कारोबार गर्न शेयर सदस्यलाई आग्रह गरे । सेयर सदस्यहरुको सहकार्य नै सहकारी भएको उनको भनाइ थियो ।

पोखरा महानगर पालिका वडा नं–१८ का निबर्तमान वडा अध्यक्ष तथा सेयर सदस्य रण बहादुर थापाले संस्थाका गतिविधिमा शेयर सदस्यहरुले चनाखो भई आर्थिक पारदर्शितामा ध्यान दिनुपर्नेमा जोड दिए । संस्थाका सल्लाहकार तथा निबर्तमान अध्यक्ष कृष्ण बहादुर थापाले संस्थाले बचतकर्ताको विश्वास जित्ने गरी काम गर्नुपर्नेमा जोड दिए । शेयर सदस्य तथा पत्रकार गणेश पहारीले गण्डकी प्रदेशकै उत्कृष्ट सहकारीको रुपमा अगाडि बढाउने गरि गृहकार्यमा लाग्न आग्रह गरे । ममता कृर्षि सामुदायिक सहकारी संस्था सराङकोटका अध्यक्ष तथा सराङकोट सहकारी समन्वय समितिका संयोजक मिन बहादुर थापाले संस्थाका गतिविधिमा शेयर सदस्यहरुले चनाखो भई आर्थिक पारदर्शितामा ध्यान दिनुपर्ने कुरामा जोड दिए । सर्वहित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष भरत प्रसाद तिमिल्सीनाले विषम परिस्थितिमा पनि संस्थाले आफ्ना शेयर सदस्यहरु प्रति गरेको सहयोगको प्रशंसा गरे । सभाले अध्यक्ष राम बहादुर थापाले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरेको प्रतिवेदन, सचिव कृष्ण बहादुर थापाले पेस गरेको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष राजु थापाले आर्थिक प्रतिवेदन र ऋण लगानी तथा असुली उपसमिति संयोजक सुरेन्द्र थापाले प्रस्तुत गरेको प्रतिवेदन र लेखा तथा सुपरिवेक्षण समितिका संयोजक निर्मल पहारीले प्रस्तुत गरेको प्रतिवेदन सभाले सुझावसहित पारित गरेको छ । सहकारी अध्यक्ष थापाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यसमिति सदस्य रमेश थापा(सुमन) र सात सिद्धान्त वाचन प्रवन्ध निर्देशक सरिता सिग्देलले गरिन् । सो अवसरमा नियमित बचत तर्फ भुकमाया पुन, एच्छिक बचत तर्फ मिना थपलिया,नारी बचत तर्फ शन्ति परियार तिमिल्सीना, धनजमानी तर्फ खडक बहादुर तमाङ, मुना नेपाल तेसै गरि धितो जमानी तर्फ इन्द्र बहादुर थापा, जानुका खडका र बाल बचत तर्फ सदस्य संजोक परियार लगाएतका सेयर सदस्यहरुलाई सम्मान गरिएको थियो । उत्कृष्ट जेष्ठ सेयर सदस्य कारोबारदाता सन्त बहादुर थापा लाई पनि सो अवसरमा सम्मान गरिएको सहकारीका सचिव कृष्ण थापा जानकारी दिए ।

# मनसुनी वायुको प्रभाव कायमै रहने

**रासस**
काठमाडौं, ११ असोज

जल तथा मौसम विज्ञान विभागले यस वर्षको दसैंका अवसरमा मनसुनको अवस्था समेटेर शनिबार दसैं विशेष मौसम बुलेटिन जारी गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार नेपालमा हाल मनसुन वायुको प्रभाव केही कमजोर रहे पनि नेपालबाट बहिर्गमन भइसकेको छैन । हालको मौसम विश्लेषण अनुसार यस वर्षको दसैं अवधिभर मनसुनी वायुको प्रभाव रहिरहने शनिबार साँझ जारी विशेष बुलेटिनमा उल्लेख छ । नेपालमा सरदरमा अक्टोबर २ तारिखमा मनसुन बहिर्गमन हुने भए पनि प्रत्येक वर्ष सो मिति भने फरकफरक हुने विभागका सूचना अधिकारी दिनकर कायस्थले बताउनुभयो । यही असोज १४ (अष्टमी) का दिन बागमती र गण्डकी प्रदेशका पहाडी तथा कोशी प्रदेशका पहाडी र तराई भू–भागका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

असोज १५ (नवमी) का दिन कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू–भागका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको कायस्थले जानकारी दिनुभयो ।

उहाँका अनुसार असोज १६ (दशमी) का दिन बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका पहाडी तथा कोशी प्रदेशका पहाडी र तराई भू–भागका केही स्थानमा साथै मधेस र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । यस वर्षको दसैंको अवधिभर मनसुनी वायुको प्रभाव रहिरहने भएकाले मौसमको अध्यावधिक जानकारी लिई आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध गरिएको विभागका सूचना अधिकारी कायस्थले बताउनुभयो । उहाँले विभागबाट जारी हुने सूचना अध्यावधिक गरी आवश्यक काम कारबाही गर्न अनुरोध गर्नुभयो ।